# मार्मा गाउँपालिकाको
# आ.ब. २०७८/०७९ को लागि
# नीति तथा कार्यक्रम
# २०७८

जमन सिंह धामी

अध्यक्ष

मार्मा गाउँपालिका, दार्चुला

सुदूरपश्चिम प्रदेश

नेपाल

यस नवौ गाउँसभाको नीति तथा कार्यक्रम सार्वजनिकिकरण सत्रमा उपस्थित मार्मा गाउँपालिका उपाध्यक्षज्यू, मार्मा गाँउपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यू, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतीक दलका प्रतिनिधिज्यूहरु, भुतपूर्ब जनप्रतिनिधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, सल्लाहकार, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पुर्ण मार्मा वासी आदरणीय आमा-वुवा, दाजु-भाई तथा दिदि-वहिनिहरु,

यस गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय नवौ गाउँसभा समक्ष प्रस्तुत गर्न पाँउदा म गौरवान्वित भएको छु ।बिश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ महामारिको प्रभाव यस गाउँपालिकामा समेत रहेको छ। यस महामारिको कारणले ज्यान गुमाउनु हुने प्रति हार्दिक श्रद्धा-सुमन ज्ञापन गर्दै संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। महामारि बिरुद्धको लडाईमा फ्रन्टलाईनमा रहि नागरिकको ज्यान रक्षाका लागी अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मि, सुरक्षाकर्मी, शिक्षक र कर्मचारिहरु प्रति यो सम्मानित सभा मार्फत बिशेष सम्मान ब्यक्त गर्न चाहन्छु।महामारि बिरुद्धको मोर्चामा सक्रिय भुमिका खेल्ने यस गाउँपालिकाका जनप्रतिनिधी ज्यूहरु तथा मार्मावासी जनसमुदायहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु।
यस चुनौतिपुर्ण र असहज परिस्थितिमा यस गरिमामय गाउँ सभाको नवौ सभामा आगामी आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

स्थानीय सरकार, नेपाली जनताको त्याग वलिदान र लामो संघर्षको उपलव्धी हो । वलिदानीपुर्ण संघर्षवाट प्राप्त र ऐतिहासिक संविधानसभावाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान वढिरहेको छ । यस अवसरमा लोकतन्त्रीक गणतन्त्र प्राप्तीको लागी जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै विभिन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सवै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

हामी एक स्वाधिन र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौं । प्राकृतिक भु-बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो वर्तमान परिबेश जटिल एवं चुनौतीपुर्ण भएतापनि भविष्य उज्वल र सम्भावना युक्त छ । नेपालमा संघीय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ विभिन्न कालखण्डमा नेपाली जनताले गरेको त्यागले सिर्जित वर्तमान अवसरलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो वाटो भनेकै चुनौतीका बिच पनि निरन्तर आर्थिक विकास गर्ने हो । आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्ने स्वच्छ प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो । समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो । परिवर्तनलाई संस्थागत गरी विकास आर्थिक समृद्धिलाई आत्मसात गर्ने वर्तमान परिपेक्षमा प्रत्यक्ष र

परोक्ष रुपमा कुशल भुमिका निर्वाह गर्नु हुने मार्मा गाउँपालिकावासीहरु र अन्य सवै सुवेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मार्मा गाउँपालिका लोकतन्त्रका आधारभुत मुल्यमान्यता, मानवअधिकार, सामाजिक न्याय, सहकार्य सहअस्तित्व र समन्वयको सिद्दान्तलाई आत्मासात गर्दै विधिको शासन प्रति पुर्ण प्रतिवद्ध छ । लोकतन्त्रको अभ्यास संगसंगै शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभुति सम्पुर्ण मार्माबासीले गर्न सकुन भन्नेमा म अत्यन्त सचेत छु ।

गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक विविधता तथा सांस्कृतिक एकतालाई आत्मासात गर्दै सन्तुलित र समन्यायिक विकासको वाटोमा अघि बढ्न योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा गाउँपालिका प्रतिवद्ध छ । संघीय सरकारले अंगालेको **"समृद्ध नेपाल सुखी नेपाली"** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु ।

नेपालको संविधानको अधिनमा रही स्थापित मार्मा गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो । यस स्थानीय सरकारलाई सार्थक, समृद्ध र सक्षम एवम् सवलीभुत बनाउन आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु।

नीति तथा कार्यक्रमलाई तर्जुमा गर्दा नेपालको संबिधान र प्रचलित ऐन-कानुनहरु औल्याएका बिषय बस्तु, दिगो बिकासका लक्ष, १५ औ योजना र मध्यकालिन खर्च संरचनाको समेत आकलन गरि यस सभामा प्रस्तुत गर्न उपस्थित भएको छु ।

आदरणीय दाजु भाई तथा दिदि बहिनीहरु,
अब म मार्मा गाउँपालिकामा कोभिड-१९ बाट यस गाउँपालिकामा पर्न गएको प्रभाव र यस महामारि बिरुद्ध गाउँपालिकाले गरिरहेका प्रयास बारे यस सभामा जानकारि गर्न गई रहेको छ ।

- यस महामारिले गाउँपालिकाको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गती, लगानी अनुरुपको प्रतिफल तथा प्रभावकारीतामा असर पुर्‍याएको छ।मार्मा वासीहरुले समेत महामारिले ज्यान गुमाएका छन् भने कयौले रोजगारि गुमाउन पुगेका छन।बालबालिकाहरुको शिक्षा प्रासीमा असजता उत्पन्न भएको छ। निर्माण लगायतका आर्थिक प्रवर्धनका कार्यहरु सुस्तताका साथ अगाडी लैजानु पर्ने स्थिति श्रृजना भएको छ भने अधिकांस समय यस महामारि बिरुद्ध नागरिकको स्वास्थ्य सुरक्षामा खर्चिनु पर्ने परिबेश छ।
- माथी चर्चा गरिएका चुनौतिहरु संग जुझ्न यस गाउँपालिकाले तपसिल बमोजिमका कार्यहरु गरेको यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु

- लटिनाथ स्वास्थ्य चौकिलाई स्तरोन्नति गर्नुका साथै कोभिड बिशेष अस्पतालका रुपमा संचालनमा ल्याई बिशेषज्ञ डाक्टर सहितको सेवा संचालनमा रहेको छ साथै आईसोलेसन वार्ड स्थापना भएको छ।
- १० सय्या सहितको अस्पताल भवन निर्माणका लागी बजेट सुनिश्चित भई आगामी बर्ष ठेक्का प्रकृयामा रहेको छ
- गाउँपालिका प्रबेश बिन्दु बिटुलेमा हेल्थ डेस्क संचालनमा रहेको
- CICT स्वास्थ्यकर्मीहरु नागरिक घरभेट गरि स्वास्थ्य चेकजाँच जारि रहेको
- कोभिड-१९ संक्रमित जटिल प्रकृतीका बिरामीहरुलाई थप उपचारका लागी सहयोग गरिएको
- अक्सिजन सिलेण्डर लगायतका आवश्यकिय स्वास्थ्य सामग्रीहरु एन्टिजेन, पि पि ई, मास्क, सेनिटाईजर लगायतको प्रवन्ध गरिएको
- हालसम्म मार्मा गाउँपालिका अन्तरगत स्वास्थ्यकर्मि, जनप्रतिनिधी, कर्मचारि, जेष्ठ नागरिक गरि जम्मा १,८५० जनालाई कोभिड बिरुद्धको खोप लगाईएको छ र खोप अभियान निरन्तर जारि रहेको छ ।
- कोभिडको पहिलो लहरका समयमा वडा अनुसार जम्मा क्वारनटाईन केन्द्र ९ वटा स्थापन गरि ३६० बेड संख्यामा १२०० जना नागरिकलाई सेवा प्रदान गरिएको, साथै देशका तथा बिदेशका बिभिन्न स्थानबाट मार्मा वासीहरु उद्दार, खाद्यान्न बितरण तथा बिध्यार्थिहरुलाई उद्दारका निमित्त आर्थिक सहयोग गरिएको
- सबै कर्मचारि तथा स्वास्थ्यकर्मीहरुको रु १००,००० कोभिड बिमा गरिएको
- कोभिडका कारण श्रृजना भएका मानसिक तनाव तथा अन्य भ्रमहरु निवारण गर्न बिभिन्न जनचेतनामुलक सामग्री उत्पादन गरि समुदाय स्तरमा कार्यक्रम सम्पन्न गरिएको साथै मनोपरामर्शका निमित्त फोन कल मार्फत नागरिकलाई सेवा प्रदान गरिरहेको
- कोभिड सम्वन्धि जनचेतनामुलक सन्देश स्थानीय रेडियोहरु मार्फत प्रशारण गरिएको

**उपस्थित महानुभावहरु**

अब म चालु आर्थिक बर्षसम्मका नीति तथा कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकासका क्षेत्र**

- ☞ चालु आ.ब. को यस अवधी सम्ममा कृषीमा आधुनिकिकरण र यान्त्रीकिकरणको नीतिलाई कार्यान्वयन गर्न गाउँपालिका भित्रका बिभिन्न कृषक समुहहरुमा मिनिटिलर १० वटा, मल्टिक्रप थ्रेसर ४ र उखु पेल्ने मेशिन २ वटा सहयोग गरिएको
- ☞ उत्पादन सम्भाव्यताको आधारमा बालिहरुका पकेट क्षेत्र निर्धारण गरिएको छ।
  **आलु पकेटः** मर्मती, थाम, चेतकल्ली, च्युरानी, तोलिमाण्डौं, **तरकारी पकेटः** सिरोली, रिल , सिमार, पडपडा, जुडे , **ओखर पकेटः** बार्कु, ताकु, ओखलासैन, परिवन, **सुन्तला पकेटः** तिम्लाडेरा, थला
- ☞ फलफूलबालीको उत्पादन वृद्धि गराउन पकेट क्षेत्र पहिचान गरि विभिन्न फलफूलका १२,००० विरुवा वितरण भई १८ हे. मा फलफूल खेती भईरहेको ।६ वटा नमुना फलफूल बगैंचा स्थापना भएको ।
- ☞ च्युरानी र लामबगर गरि २ वटा कृषि तथा पशुपन्छी संकलन केन्द्र निर्माण कार्य सम्पन्न भएको ।

- मार्मा ४, थाममा आलु पकेट क्षेत्र निर्धारण गरि रष्टिक स्टोर निर्माण कार्य सम्पन्न भई संचालनमा रहेको।
- मार्मा गाउँपालिका कृषी शाखा र ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनाको साझेदारिमा प्लाष्टिक घर भित्र बेमौसमी तरकारि खेतीका लागी अनुदानमा २४० वटा प्लाष्टिक घर निर्माण भई तरकारी खेती भई रहेको।
- खाद्यान्न बाली मकै धान र गहुँको उन्नत विउ वितरण भई कृषकहरु लाभान्वित भएको ।
- गोठेमल सुधार र ब्यवस्थापन गर्न वडा न ३ रिलमा ४२ वटा, वडा न ४ बिम्थीमा ८ वटा ,वडा न ६ सिराडमा १० वटा गरी जम्मा ६० वटा भकारो सुधार गरि मलको ब्यवस्थापनमा सहयोग पुगेको छ ।
- ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनाको साझेदारिमा ४१ वटा समुहमा घरबारि ब्यवस्थापन गरि पोषण सुधारमा कार्य गरिएको, ५वटा समुहमा आयआर्जन क्रियाकलापहरु संचालन भएको साथै ४ वटा बहुउद्देशीय नर्सरी स्थापना गरिएको
- गाउँपालिका भित्रका ७ वटा सामुदायिक बन उपभोक्ता समुहहरुसंग योजना तर्जुमा गरि काष्ठ तथा गैर काष्ठ पैदावारको उपभोग सम्वन्धि कार्ययोजना तयार गरि लागु गरिएको।
- गाउँपालिका भित्र ८ वटा लघु उधमी समुह गठन गरि ८४ जनालाई उधमसिलता विकास तालिम, ८२ जनालाई सिप विकास तालिम, ८ वटै समुहमा प्रबिधी हस्तान्तरण (सिलाई कटाई, हाते होजीयारी, बेमौसमी तरकारी खेती, कुखुरा पालन), उधमी र वित्तिय संस्था, ब्यापरि बिच अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरियो।
- खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन निरन्तर भई रहेको ।
- गाउँपालिकामा चालु आर्थिक बर्ष भित्रै ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनाको साझेदारिमा ३ वटा पूर्ण सरसफाइ युक्त नमुना गाउँ घोषणा गर्ने प्रकृया अन्तिम चरणमा रहेको छ।
- परम्परागत एवं निर्वाहमुखी पशु पंक्षी पालन लाई व्यवसायिकरण गर्ने नीति अनुरुप आयआर्जनमा सुधार गर्न एकल महिला उपाध्यक्ष ग्रामीण कुखुरा प्रवर्द्धन तथा ब्यवस्थापन कार्यक्रम अन्तरगत ७० जनालाई प्रति एकल महिलालाई २० चल्ला बितरण, खोर ब्यवस्थापन र प्रबिधी प्रदान गरिएको।
- पशुजन्य सेवालाई ब्यवस्थित गर्न घरभेट सहितको सेवा प्रदान गरिएको छ।
- ३ वटा माछापालन ब्यवसायलाई अनुदान र प्राबिधिक सेवा प्रदान गरिएको छ।
- भेडा, बाख्रा, जर्सि पालन ब्यवसायीहरुको खोर तथा गोठ ब्यवस्थापन र प्रबिधीमा सहयोग गरिएको छ।
- मासु पसल सुधार तथा ब्यवस्थापन अन्तरगत ७ वटा ब्यवसायीहरुलाई फ्रिज तथा अन्य प्रबिधी हन्तान्तरण गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष स्वरोजगार कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सिप, क्षमता र योग्यता अनुसार रोजगारीको खोजीमा रहेका गाउँपालिका भित्रका ७५० जना ब्यक्तिहरुलाई रोजगारी प्रदान भएको छ। उक्त कार्यक्रम अन्तरगत सोलिङ बाटोहरु, सिंचाई, मन्दीर, शौचालय, पानी संरक्षण, पि सि सि बाटोहरु, बिद्यालय गरि जम्मा ४७ वटा निर्माण कार्यहरु गरिएका छन।

- आन्तरिक आय बृद्धी गर्ने लक्ष अनुरुप चालु आर्थिक बर्ष देखी ठुला निर्माण कार्यहरुबाट बालुवाको कर संकलन कार्य ब्यवस्थित ढंगले थालनी गरिएको छ।
- गाउँपालिकामा चिउरी उद्योगको स्थापना गरि आय आर्जन गर्ने नीति अनुरुप ग्रामीण जलश्रोत परियोजनासंगको साझेदारिमा मार्मा-२ लामबगरमा चिउरि प्रशोधन केन्द्र स्थापना गरिएको छ । चिउरि प्रशोधन केन्द्रमा चिउरि लगायत तोरिहरु पेलानी मेसिन जडान भई सहकारि मार्फत ब्यवस्थापन भएको छ भने साबुन बनाउने मेसिन जडान प्रगतिमा रहेको छ।
- ग्रामीण जलश्रोत परियोजनासंगको साझेदारिमा चिउरि मुल्य श्रखला अन्तरगत चालु आर्थिक बर्षमा पडपडा र पथ्थरकाडा टोलमा २५ घरधुरीलाई ब्यवसायिक माहुरि पालनको लागी ५० वटा मेलिसेरेना जातका माहुरि सहितका घार समुदाय सहितको साझेदारीमा बितरण गरिएको छ। उल्लेख गरिएका समुदायहरुको माहुरि पालनबाट आयस्तरमा बृद्धी हुने नै छ।

**ख) सामाजिक विकासका क्षेत्र**

- बिद्यालयहरुको भौतिक पुर्वाधारहरुमा सुधार एंव बिस्तार गरिने नीति अनुरुप यस मार्मा गाउँपालिका भित्र तपसिलका कार्यहरु भएका छन् ।
  - → नया निर्माण तर्फः २ कोठे पक्की भवन १२ वटा, ४ कोठे पक्की भवन ७ वटा, ६ कोठे पक्की भवन ४ वटा (१ वटा निर्धाणाधिन), ८ कोठे १ वटा, १५ कोठे २ वटा निर्माणाधिन, ८ कोठे छात्राबास, ४ कोठे क्याम्पस भवन (साझेदार निकायहरुको समन्वयमा) र १२ कोठे भवन निर्माण कार्य आगामी बर्षका बजेट स्वीकृत भई टेन्डर प्रकृयामा रहेको
  - → मर्मत तथा पुननिर्माण तर्फः ११ वटा बिद्यालय भवन मर्मत र पुननिर्माण गरिएको
- बिद्यालय शौचायल तर्फ १२ वटा बालमैत्री शौचालयहरु निर्माण सम्पन्न भएका छन्। चालु आर्थिक बर्षमा १ वटा बिद्यालय शौचालयलाई तिन तारा बिद्यालय घोषणा गर्ने गरि तयारी गरिएको छ।
- गाउँपालिका क्षेत्र भित्र स्थापना भई संचालनमा आएका बाल विकास केन्द्रहरुमा शैक्षीक वातावरणमा टेवा पुर्याउन आवश्यक शैक्षीक तथा अन्य सामाग्रीहरु सहयोग गरिएको छ।
- खेलकुद क्षेत्रमा गाउँपालिकाको पहिचान बनाउने तथा क्षेत्रगत विकास गर्न खेलाडीहरुलाई हौसला र सम्मान कार्यक्रम गरिएको छ।
- गाउँपालिकाका बालप्रतिभा पहिचान कार्यक्रम सम्पन्न गरिएको छ।
- गाउँपालिका क्षेत्रका सामुदायिक बिद्यालयहरुमा १० वटा कम्प्युटर ल्याब, ३ वटा बिज्ञान प्रयोगशाला, ५ वटा पुस्तकालय, ८ वटा ई-पाटी को विकास गरिएको छ।
- स्थानिय तह स्थापना पुर्ब स्वास्थ्य चौकि लटिनाथ र तपोवनमा मात्र २ वटा बर्थिङ्ग केन्द्र रहेकोमा स्थानिय तह स्थापना पश्चात ४ वटा बर्थिङ्ग केन्द्रहरू स्थापना गरिएको, स्थानिय तह स्थापना पश्चात गाउँपालिकामा नागरिकको स्वास्थ्य सुरक्षाका लागी र स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच सुनिश्चित गर्न ८ वटा नयाँ स्वास्थ्य इकाई केन्द्र स्थापना गरि सेवा संचालनमा ल्याईएको छ जसमध्ये ५ वटा स्वास्थ्य इकाई भवन निर्माण भई संचालनमा रहेको साथै लटिनाथ, सेरी र तपोवनमा स्वास्थ्य चौकिका नया भवन निर्माण गरिएको छ।चालु

आ.ब.मा समेत गुल्जर र गोल्फा स्वास्थ्य चौकि भवन निर्माणाधिन अवस्थामा रहेका छन भने मुरै-सितोला स्वास्थ्य चौकि भवन निर्माणका लागी आगामी बर्ष बजेट सुनिश्चित गरिएको छ।

- स्वास्थ्य चौकी लटिनाथको सेवा स्तरोन्नती गरि २०७७ भदौ महिना देखि चिकित्सकिय सेवा सुचारू गर्दै ल्याब ,एक्स रे ( x-ray) अल्ट्रासाउन्ड लगायतको सेवा सुचारू गरिएको छ।
- हाल मार्मा गाउँपालिका स्वास्थ्य शाखाअन्तरगत चिकित्सक १ , जनस्वास्थ्य अधिकृत १ ,हे.अ. १ ,अ.हे.व १२ .,अ.न.मी १० .,स्टाफ नर्स २, ल्याब असिष्टेन्ट १,सहायक कम्प्यूटर अपरेटर १, एम्बुलेन्स चालक १ ,का.स./पाले १४ र स्वीपर ६ गरि ५० जना स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरू करार सेवामा नियूक्त गरि सेवा दिइरहेका छन् ।
- मार्मा गाउँपालिका अन्तरगतका ५ वटै स्वास्थ्य चौकीहरूमा सौर्यउर्जा जडानकार्य भएको छ ।
- गाउँपालिका स्थित सम्पुर्ण स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरूको सुदृढिकरण ब्यबस्थापन अन्तरगत औजार उपकरण तथा फर्निचरको ब्यबस्थापन गरिएको छ
- महिला बालबालिका तथा समाज कल्याण इकाई अन्तरगत अपाङ्ग परिचय पत्र बितरण समन्वय समिति चयन र अभिमुखिकरण कार्यक्रम सम्पन्न गरि हाल सम्म ११७ जनालाई अपाङ्ग परिचय पत्र बितरण गरिएको छ। लैङ्गीक हिंसा कोषको कार्यबिधी निर्माण गरि समिति गठन गरि आवश्यकिय कार्यहरु प्रगति रहेको छ। लैङ्गीक हिंसा बिरुद्धको १६ दिने अभियान सम्पन्न गरिएको छ साथै अन्य सचेतनामुलक कार्यहरु पालिका भरि निरन्तर संचालनमा रहेका छन। ६ वटै वडाहरुमा आमा समुह तथा महिला विकास समितिहरु गठन/दर्ता र नबिकरणको कार्य सम्पन्नताका साथै सहयोग सामग्री र ५ वटा समुहलाई अनुदान बितरण कार्य गरिएको छ। साथै १५ जना एकल तथा बिपन्न महिलाहरुका लागी हाते होजारि तालिम प्रदान गरिएको छ। महिला, बालबालिका, जेष्ठ नागरिक, यौनिक तता अल्पसंख्यकको तथ्याङ्क संकलन गरि ब्यवस्थित गर्ने कार्य गरिएको छ।
- गाउँपालिकालाई पुर्ण सरसफाइ उन्मुख बनाउने नीति अनुरुप "खानेपानी सरसफाई, स्वच्छता र वातावरणीय सुधार कार्यक्रम" अन्तरगत पालिका क्षेत्र भित्र २ वटा सार्बजनिक शौचालय निर्माण गरिएका छ ।
- गाउँपालिका भित्र सञ्चार सेवा ब्यवस्थित गर्ने क्रममा 4G सेवा सुचारु गरिएको छ।
- गाउँपालिका क्षेत्रमा पानी परिक्षण प्रयोगशाला स्थापना गरिने कार्यक्रम अनुसार २ वटा पानी परिक्षण किट खरिद पानीको गुणस्तर मापन कार्य शुरु गरिएको छ ।
- ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजना (RVWRMP) संगको साझेदारिमा गाउँपालिका क्षेत्रमा २२ वटा योजना सम्पन्न भई गाउँपालिकामा १,६९० घरधुरीका १०,७४५ जनसंख्या खानेपानी तथा सरसफाइ सेवाबाट लाभान्वित भएका छन भने हालसम्म एक घर एक धारा नीति अनुरुप गाउँपालिका क्षेत्रका १,०८४ घरधुरीमा निजि धारा जडान भएका छन् भने गाउँपालिकामा २०३ सार्बजनिक धारा जडान भएका छन। गाउँपालिकाको वडा नं. १ का सबै बस्ती पुर्ण रुपमा खानेपानी युक्त भएका छन् भने अन्य वडाहरु समेत ९०% बढी ब्यवस्थित प्रणालीको खानेपानी युक्त अवस्थामा पुर्‍याईएका छन् ।
- गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना भएको छ आगामी बर्ष देखी गाउँपालिका भरिका पानी सम्वन्धि योजनाहरु उक्त बोर्ड मार्फत ब्यवस्थापन गरिनेछन्।

**ग)	भौतिक पुर्वाधार विकासका क्षेत्र**

☞ हालसम्म गाउँपालिका क्षेत्रमा तपसिलका भौतिक संरचनाहरु निर्माण सम्पन्न भएका छन।

→ सिचाई पक्की नहरः ८१ वटा, १२ किलोमिटर,
→ पाईप सिंचाईः ४३ वटा, २७ किलोमिटर
→ पि.सि.सि. बाटोः ८ किलोमिटर
→ सोलिङ बाटोः ४० किलोमिटर
→ झोलुङ्गे पुलः ३ वटा
→ RCC पुलः १७ वटा
→ १ वटा खेलग्राम र १ वटा खेलकुद मैदान निर्माणाधिन रहेको
→ लघु जलबिधुतः १ वटा साझेदारिमा सम्पन्न, ५ वटा लघु जलबिधुत गृहलाई मर्मत गरिएको छ भने २५ किलोमिटर राष्ट्रिय प्रशारणमा जोडने लाईन निर्माण सम्पन्न भएको छ भने ५ किलोमिटर स्थानीय बस्तीहरुमा बिधुत लाईन प्रशारण गरिएको छ।
→ सडकः पारिबगड-गुल्जर-परमचुला सडकः १० कि.मि. ट्रेक खोल्ने काम सम्पन्न, लटिनाथ-सार्सि-बजानी-दुनी सडकः ७ कि.मि. ट्रेक खोल्ने काम सम्पन्न, तपोवन-मुरै-निम्ठा-बिनायक सडकः ४ कि.मि. ट्रेक खोल्ने काम सम्पन्न, बिटुले-पारिबगर १४ कि.मि सडक स्तरउन्नतिको कार्य  भएको छ।
→ २ वटा सडक पुलहरु (घट्टेखोला र नौगाड खोला) गाउँपालिकाको पहलमा निर्माणाधिन अवस्थामा रहेको
→ गाउँपालिका प्रमुख प्रशासनिक भवनको बजेट स्वीकृत भई टेन्डर प्रकृया सम्पन्न भएको ।
→ औधोगिक ग्राम स्वीकृत भई टेन्डर प्रकृयामा रहेको ।
→ सित्तोला स्वास्थ्य चौकि भवन निर्माणार्थ बजेट स्वीकृत भई आगामी बर्ष निर्माण गर्ने योजना रहेको।

**घ)	संस्कृति प्रवर्धन तथा पर्यटन पुर्बाधार विकासका क्षेत्र**

☞ आन्तरिक तथा बाह्रय पर्यटनलाई बढावा दिन गाउँपालिका भित्र रहेका धार्मीक, पर्यटन स्थल, सास्कृतिक सम्पदा, मठ, मन्दिरहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नका लागी प्रचार प्रसार लगायत थप संस्कृती झल्काउने भौतिक पुर्बाधारहरुको विकास गर्ने नीति अनुरुप लटिनाथ मन्दीर क्षेत्रको गुरुयोजना तयार गरि निर्माण कार्यलाई निरन्तरता दिईएको छ साथै पालिका क्षेत्रमा १२ वटा मन्दीरहरुको नयाँ निर्माण सम्पन्न भएको छ।

☞ गुल्जर साँस्कृतिक तथा पर्यटकिय पुर्बाधार विकास गर्नका लागी आगामी बर्ष कार्यान्वय हुने गरि टेन्डर प्रकृया सम्पन्न भएको छ।

☞ परमचुला धाममा मन्दीर निर्माण गर्नुका साथै पालिकाको बिभिन्न स्थानबाट धाम क्षेत्र पहुँचका लागी घोरेटो पदमार्ग निर्माण गरिएको छ।

**ङ)    वन वातावरण तथा विपद व्यवस्थापनका क्षेत्र**

- गाउँपालिकामा प्रकोप ब्यवस्थापन कोष स्थापना गरिएको छ।
- पालिका भरिमा वातावरण संरक्षणका लागी सुन्तला लगायत बिरुवाहरु प्रशारण गरिएका छन्।
- पानीका श्रोतहरुको संरक्षण, पानी पुनर्भरण , पुनर्धारण पोखरिहरु खानेपानी योजनासंगै अभियानका रुपमा निर्माण गरिएका छन्।
- बिश्व वातावरण दिवस लगायत अन्य अभियानात्मक क्रियाकलापहरु मार्फत जनचेतना अभियानहरु संचालन गरिएका छन।
- पूर्ण सरसफाइ क्षेत्र घोषणाको तयारी गर्नुका साथै समुदायहरुमा फोहर संकलन र ब्यवस्थापनका लागी ईन्सिनरेटर निर्माण गरिएका छन्।
- मार्मा गाउँपालिका वडा नं. ३ सार्सिमा १७ वटा परिवारको खरको छाना विस्थापन गरि जस्ता पाता सहितको सुरक्षीत आवास सम्पन्न गरिएको छ।

**च)    संस्थागत विकास, सेवा प्रवाह, वित्तीय व्यवस्थापन, सुशासन तथा पारदर्शिताका क्षेत्र**

- गाउँपालिका भित्रका पुराना ब्यक्तिगत घटना दर्ता किताबहरुको १३,७९८ तथ्याङ्कलाई अनलाईन प्रबिष्ट गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त १,२०१ जनाको बिबरण MIS प्रणालीमा समाबेश गरि बैङ्किङ प्रणालीबाट भत्ता बितरण शुरु गरिएको छ ।
- सामाजिक सुरक्षा लगायतको सेवा ब्यवस्थित गर्न सबै वडा कार्यालयहरुमा कम्प्युटर, प्रिन्टर, ईन्टरनेट ब्यवस्थापन गरिएको छ ।
- अनलाईन ब्यक्तिगत घटना दर्ताको थालनी वडा नं ३ बाट शुरुवात भएको साथै आगामी आ.ब. बाट पालिकाका सबै वडाहरुमा लागु हुने लक्ष लिईएको छ।
- सहकारि ऐन जारि गरि गाउँपालिका भित्रका सहकारिहरुको ब्यवस्थापन गर्ने कार्यको शुरुवात गरिएको छ।
- गाउँपालिका भित्र संचालित योजनाहरुको सार्बजनिक सुनुवाई गर्ने कार्य यस बर्ष समेत निरन्तर संचालन गरिएको छ।
- चालु आर्थिक बर्षमा १ वटा ऐन, १ वटा नियमावली र ६ वटा कार्यबिधी पारित गरिएको छ।
- योजनाहरुको पुर्ब सम्भावता अध्ययन, योजना सूचना पाटी, सामाजिक परिक्षण, अनुगमन जस्ता कार्यहरु नियमित गरिएको छ।
- चालु आर्थिक बर्षमा न्यायीक समिति मार्फत तपसिलका क्रियाकलाप सम्पन्न गरिएका छन्
  - → न्यायिक समितिमा परेका निबेदन संख्याः ३०, मेलमिलाप गरिएका संख्याः २३, ६ वटै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भएका छन ।

**उपस्थित महानुभावहरु**

स्थानीय तह निर्माण पश्चात स्थापित मार्मा गाउँपालिकाको नवौ गाउँ सभामा यस गाउँपालिकाको **"जलस्रोत, जडीबुटी एवम् पर्यटन पुर्वाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धी र विकासमा हाम्रो प्रयास"** सहितको दिर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकास**

१. कृषिको आधुनिकीकरण, यान्त्रीकरण र ब्यवसायिकरण गरि उत्पादन र उत्पादकत्व बृद्धि कार्यक्रमहरु संचालन गर्दै आएकोमा आगामी आ.ब. समेत निरन्तरता दिईने छ।

२. नागरिकको पोषण लगायत आयआर्जनमा टेवा पुऱ्याउन समुदाय स्तरमा घरबारी ब्यवस्थापन गरिदै आएकोमा आगामी बर्ष थप १० घरबारी स्थापना गरिने छ।

३. "एक वडा एक बहुउद्धेशीय नर्सरी" नीतिलाई निरन्तरता दिदै आगामी आ.ब.मा समेत नर्सरी ब्यवस्थापन र विकासलाई निरन्तरता दिईने छ।

४. घरधुरी स्तरको पोषण सुधार र आयआर्जनका लागी सरोकारवाला निकायहरुसंगको साझेदारीमा कार्यक्रमहरु लागु गरिदै आएकोमा आगामी आ.ब.मा समेत कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपुर्तिको लागि संकलन केन्द्र निर्माण गरिएकोमा किसानहरुलाई बजारसंग जोडने साथै थप उत्पादन गरि आयआर्जन गर्न लगानी तथा प्रोत्साहन गरिने छ।

६. आगामी आ.ब.मा ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजना मार्फत एग्रोभेट स्थापना गर्न बजेट सुनिश्चित गरिएको छ।

७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. गाउँपालिकाका नमुना गाउँ लक्ष्य राखिएका क्षेत्र तथा अन्य सम्भावित क्षेत्रमा कृषक साझेदारी कार्यक्रम गरि प्लाष्टिक घरमा ब्यवसायिक तरकारी खेती गर्न प्रोत्साहित गर्ने साथै उत्पादनलाई बडावा दिई बजारसम्म उत्पादन पुर्याउने र कृषकका हातमा नगद पुर्याई जिविकोपार्जनमा थप टेवा दिने कार्यलाई प्राथमिकताका साथ संचालन गरिदै आएकोमा आगामी बर्षमा थप १०० बढी प्लाष्टिक घर भित्र तरकारि खेतीका लागी कृषकलाई अनुदान र प्राबिधीक सहयोग गरिने छ।

९. पशु सेवा शाखा मार्फत गरिदै आएका क्रियाकलापहरुलाई आगामी बर्षमा समेत निरन्तरता दिईने छ ।साथै पशु पंक्षी उत्पादक कृषक समुह, निजी फर्म समुदायमा उधमी ब्यवसायिकलाई वस्ती स्तर बाट एकिकृत प्राविधिक सेवा,उन्नत नश्ल, ब्यवस्थापन सुधार तथा स्वोरोजगारको सृजना गर्ने कार्यलाई निरन्तरता दिईने छ।

१०. स्थापना भएका पशु पंक्षी बधशालाहरुलाई स्वच्छता ब्यवस्थापनमा निरन्तर प्राबिधीक सहयोग गरिने छ।

११. पशु सेवा प्रसार कार्यक्रमको तर्जुमा कार्यान्वयन अनुगमन र मुल्याङकन कार्यलाई थप प्रभावकारी र सशक्त वनाउने क्रियाकलापलाई निरन्तरता दिईने छ ।

१२. स्थानीय उधम र उधमी प्रवर्धन गर्ने उद्देश्य सहित पालिकामा संचालित लघु उद्दम विकास कार्यक्रमको क्षेत्र सबै वडामा पुऱ्याईने छ साथै स्थापीत उधमहरुमा प्राबिधीक सहयोग निरन्तर गरिने छ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत कोभिड-१९ बाट रोजगारी गुमाएका र बेरोजगार युवाहरुलाई गाउँपालिका भित्रै रोजगारी श्रृजना गर्ने नीति अवलम्बन गरिने छ।

१४. गाउँपालिकाको आन्तरिक आय स्वावलम्बन पार्न कर तथा राजश्व संकलनका क्षेत्रहरु पहिचान, ब्यवस्थापन र विकास गर्ने नीतिलाई निरन्तरता दिईएको छ साथै पालिका क्षेत्र भित्र संचालन हुने ठुला निर्माण कार्यहरुबाट स्थानीय सामग्री बाफतको कर संकलन ब्यवस्थित गर्न आगामी आर्थिक बर्षमा कार्यबिधी निर्माण गरि कार्यान्वनमा ल्याईने छ।

१५. घरेलु तथा साना उद्योग विकास र व्यवसायीक क्षमता विकासमा प्रोत्साहन गर्न स्थापना गरिएको च्युरि प्रशोधन केन्द्रमा आगामी बर्ष साबुन उत्पादनका लागी मेसिन जडान गरिने छ साथै मार्माली च्युरी उत्पादनलाई राष्ट्रीय बजार सम्म पुर्याउन च्युरी मुल्य श्रृखला कार्यलाई ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनाको प्राबिधीक सहयोगमा बजारिकरण गरिनेछ।

**ख) सामाजिक विकास**

१. बिद्यालयहरुको भौतिक पुर्वाधारहरुमा सुधार एंव बिस्तार गरिदै आएकोमा आगामी बर्षमा समेत आवश्यकता अनुसार निर्माण कार्यहरुलाई निरन्तरता दिईने छ साथै शैक्षीक क्षेत्र सुधार कार्यक्रमलाई आगामी आ.ब. समेत निरन्तरता दिईने छ।

२. तवोवन मा.बि. पडपडा र दुर्गेश्वरी मा.बि. घोल्जरलाई स्तरोन्नति गरि १-१२ कक्षा संचालनमा ल्याईने छ।

३. गाउँपालिका क्षेत्र भित्र स्थापना भई संचालनमा आएका बाल विकास केन्द्रहरुमा शैक्षीक वातावरणमा टेवा पुर्याउन आवश्यक शैक्षीक तथा अन्य सामाग्रीहरु वितरण गरिदै आएकोमा आवश्यकतामा आधारित कार्यहरुलाई निरन्तरता दिईने छ।

४. बिद्यालय क्षेत्रको सरसफाइ तथा स्वच्छता अवस्थामा अझै सुधार गर्न र शैक्षीक वातावरणमा थप टेवा पुऱ्याउन गाउँपालिकाका ४ वटा बिद्यालयहरुलाई आगामी आ.ब.मा तिनतारे मोडेलमा बिकास गरिने छ।

५. गाउँपालिका भित्र व्यवसायिक तथा प्राविधिक शिक्षा अध्ययनको लागि प्राविधिक शिक्षालय संचालनका साथै उच्च शिक्षा संचालन नीति रहेकोमा सोको बिस्तारका लागी आगामी आ.ब.मा समेत निरन्तर पहल गरिने छ।

६. आगामी आ.ब.मा समेत लटिनाथ क्याम्पसको शैक्षीक तथा भौतिक अवस्था सुधारका लागी आवश्यक बजेट ब्यवस्था सहित कार्यान्वयन गरिने छ।

७. दलित,विपन्न, सहारा बिहीन सिमान्तकृत तथा लोपोन्मुख समुदायका जेहेन्दार बालबालीकाहरुलाई उत्साहित गर्न छात्रवृति निरन्तरता का साथै शहिद छात्रवृति विकास कोषका लागी बजेट सुनिश्चता, आगामी आ.ब.बाट थप प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याईने छ। बिज्ञान प्रयोगशाला,पुस्तकालय,तथा कम्प्युटर ल्याब सांस्कृतिक प्रयोगशालाको अनिवार्य रुपमा क्रमिक व्यवस्था गरिने छ |

८. बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन दिवाखाजा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याइने छ | बिद्यालय सरसफाई कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्दै लगिने छ |

९. १०बर्षे जनयुद्धका क्रममा शहादत प्राप्त शहिद परिवारजनलाइ सम्मान सहित प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१०. भौतिक उपस्थिति बिना विद्यार्थीले आवस्यकता अनुसार सिक्न सक्ने प्रविधिको प्रयोगमा जोड दीईने छ | शिक्षकको अभावमा पनि सिक्न सकिने गरि स्व-सिकाइ सामाग्रीको बिकास बिस्तार वितरण र प्रयोगमा जोड दिइने छ |

११. रास्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा शिक्षाक्षेत्रमा भएका नविनतम प्रविधिलाई शिक्षकको क्षमता बिकास सम्बद्ध बनाउन सुचना तथा प्रविधिको प्रयोग र व्यवस्थापन सिपको बिकाशमा जोड दिइने छ |

१२. उपभोक्ताहरुको उपभोग्य सामाग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई सयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार ब्यवस्थापन सुधार गर्ने प्रकृया लाई निरन्तरता दिईने छ ।

१३. आगामी आ.ब.मा वास ब्यवस्थापन बोर्ड मार्फत निर्माण गरिएका पुराना र जिर्ण खानेपानी योजनाहरुलाई चुस्त दुरुस्त पारिने छ साथै खानेपानी योजनाहरुको पूर्ण विवरण सहितको तथ्याङ्क एन-वास सफ्टवयर (N-WASH Software) मा प्रबिष्ट गरिने छ।

१४. विकासमा अन्तरक्षेत्रीय सवालहरुलाई मुलप्रभाविकरण गर्न जस्तै जलवायु परिवर्तन अनुकुलन, विपद तथा जोखिम व्यवस्थापन, खाद्य तथा पोषण सूरक्षा, लैङ्गकि समानता तथा सामाजिक समावेशीकरण, वातावरण मैत्री स्थानीय शासन, बाल मैत्री स्थानीय शासन, भिन्न क्षमता भएका(अपाङ्ग) मैत्री अनुकुलित कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ।

१५. खेलकुद क्षेत्रमा गाउँपालिकाको पहिचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा रहेका प्रतिभाहरुलाई हौसला एंव सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ । आगामी आ.बमा गाउँपालिका स्तरिय खेलकुद समिति गठन गरि कार्यान्वयनमा ल्याईने छ।

१६. गरीबी न्यूनीकरण, महिला र आदिवासी जनजाति दलित एकल महिला र अशक्त तथा भिन्न क्षमता भएका व्यक्तिहरुको क्षमता अभिबृद्धि गर्न साथै सहज जीवनयापनका लागि तालीम अभिमुखिकरण जस्ता बिशेष कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१७. गाउँपालिका भित्रका श्रमीकहरुको पेशाको सम्मानको वातावरण निर्माण गर्न गाउँपालिकाबाट निर्माण हुने भौतिक पुर्वाधारमा स्थानीय श्रमीक परिचालनमा बिगत झै प्राथमिकता दिईने छ ।

१८. जन-युद्ध तथा जन-आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदायका कार्यक्रमहरु अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत उच्च प्राथमीकताका साथ कार्यान्वयन गरिने छ।

१९. कोभिड १९ को महामारी निरन्तर रहेको र बिज्ञहरुले यसको प्रभाव अझै केहि समय रहन सक्ने आकलन गरेकोमा महामारि बिरुद्धका स्वास्थ्य सामग्री तथा आवश्यकीय बजेटलाई आगामी आ.ब. मा समेत ब्यवस्थापन गरिएको छ।

२०. एम्बुलेन्स, सवारी यातायातका अन्य साधन जस्ता सेवालाई चौबिसै घण्टा संचालन हुने गरी ब्यवस्था मिलाईएको छ । डिप्रेशन हुन सक्ने बिद्यार्थी, एकल महिला , गर्भवती महिला,ज्येष्ठ नागरिक अपांग भएका

व्यक्तिहरुलाई डिप्रेशन परेका व्यक्तिहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईएको छ।

२१. गाउँपालिका क्षेत्र भित्र महिला तथा किशोरीहरुको स्वास्थ्य सुधार तथा सशक्तिकरणका लागी "सफा आमा स्वच्छ शिशु र उपाध्यक्ष किशोरी सशक्तीकरण तथा महिनावारी स्वच्छता कार्यक्रम गत बर्ष कोभिडका कारण प्रभावित भएकोमा आगामी आ.ब.बाट कार्यान्वयनमा ल्याईने छ ।

२२. उपाध्यक्ष सफा आमा स्वच्छ शिशु कार्यक्रमलाई निरन्तरता दिइ सुरक्षित मातृत्व तथा परिवार स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउदै सुरक्षित प्रशुती सेवाको उपभोग दरलाई बृद्धी गरिने छ ।

२३. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको सरल, सहज पहुँच सुनिश्चिताका लागी गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य चौकीहरुमा आवश्यक भौतिक व्यवस्थापन तथा दक्ष जनशक्ति व्यवस्थापन सम्बन्धित कार्यक्रमहरु बिगतमा संचालन गरिएकोमा बाँकि रहेका स्वास्थ्य चौकिहरुमा सो कार्य आगामी बर्षमा समेत निरन्तर संचालनमा ल्याईने छ।

२४. गाउँघर क्लिनिक तथा खोप क्लिनिकबाट प्रदान गरिने सेवा अझै सुदृढीकरण गरिनुका साथै समय सापेक्ष गाउँपालिका भित्र स्वास्थ्य सिबिर संचालन गरिनेछन् ।

२५. गत आ.ब. बाट कार्यान्वयनमा ल्याउने लक्ष राखिएको "गाउँपालिका अध्यक्षसंग ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सम्मान कार्यक्रम" गत बर्ष कोभिडका कारण प्रभावित भएकोमा आगामी आ.ब.बाट कार्यान्वयनमा ल्याईने छ । कार्यक्रमलाई गाउँपालिकाका सबै वडास्तरमा संचालन गरिने छ । सो कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गाउँपालिका क्षेत्रका बृद्ध बृद्धाहरु भेटघाट, सामग्री वितरण तथा स्वास्थ्य परिक्षण लगायतका क्रियाकलापहरु संचालनमा ल्याईनेछ । अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा उपचार कार्यक्रम संचालन गर्न पालिकाका स्वास्थ्य इकाईहरु परिचालन गरि टोल समुदाय स्तरमा नागरिकहरूको निःशुल्क स्वास्थ्य परिक्षणको ब्यबस्था गरिने छ ।

२६. मातृशिशु स्याहारलाई उच्च प्राथमिकताका साथ स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई गाउँपालिकाको तर्फबाट दिईने प्रोत्साहन लाई निरन्तरता दिईने छ ।

२७. महिला बालबालिका तथा समाज कल्याण इकाई मार्फत संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ साथै महिला, बालबालिकाका क्षेत्रमा गरिने जनचेतना मुलक अभियानहरुलाई अन्तर शाखा समन्वय र साझेदारीमा आगामी बर्ष अझ बढी प्रभावकारी बनाईने छ।

२८. महामारीको रुपमा फैलिइरहेको COVID-19 रोकथाम एबं व्यबस्थापनमा विशेष जोड दिदै मनोपरामर्स तथा जनचेतना प्रदान गरि कोभिड- १९ रोग बिरुद्धको खोप कार्यक्रममा जोड दिईने छ ।

२९. महिला स्वास्थ्य स्वयं सेबिकाहरुको निःस्वार्थ सेवाको कदर गर्दै मार्मा गाउँपालिका बाट प्रदान गरिदै आएको महिला स्वास्थ्य स्वयं सेबिकाहरुको मासिक प्रोत्साहन खर्चलाई निरन्तरता दिइने छ

३०. महामारि बिरुद्धको लडाईमा फ्रन्टलाईनमा रहि नागरिकको ज्यान रक्षाका लागी अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मि, कर्मचारि, सुरक्षाकर्मीहरुलाई आगामी आ.ब. मा समेत प्रोत्साहन गरिने छ।

३१. सामुदायिक स्वास्थ्य इकाईहरु बाट प्रदान गरिने सेवाहरुलाई अझै सुदृढिकरण गरिने छ ।

३२. समुदाय-प्रहरि साझेदारी कार्यक्रमलाई गाउँपालिकासंगको साझेदारिमा अझै प्रभावकारि गर्दै लगिने छ। ईलाका प्रहरि कार्यालय लटिनाथलाई आवश्यक पर्ने ब्यवस्थापकिय कार्यका लागी आवश्यक सहयोग प्रदान गरिनेछ।

३३. बालबिकास सहजकर्ता तथा बिद्यालय कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आवश्यक बजेट बिनियोजन गरिने छ।

## ग) भौतिक पुर्वाधार विकास

१. गाउँपालिका पार्श्वचित्रलाई आगामी आ.ब.मा अध्यावधिक गरि सोका तथ्याङ्कहरुको बिश्लेषण सहित गाउँपालिमा संचालन गरिने थप भौतिक पूर्वाधारका कार्यक्रमहरु थप ब्यवस्थित गरिने छन् ।

२. गाउँपालिका अर्न्तर्गत संचालन हुने ठुला आयोजनाहरु संचालन गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरि सोही आधारमा संचालन गर्ने नीतिलाई निरन्तरता दिईने छ।

३. बिटुले-पारीवगर सडक खण्ड स्तररोन्तति गर्न स्रोत सुनिश्चित भई रणनैतिक सडक संञ्चालन प्रकृयामा रहेकोमा सोको तिब्र कार्य संचालनका लागी आवश्यक समन्वय गरिनेछ ।

४. पारीवगर-ताकु-घोल्जर हुँदै परमचुला धार्मीक स्थल सम्म पर्यटकीय मार्गको रुपमा निर्माण गर्दै बझाङ जिल्ला जोडने सडक कार्यलाई आगामी आ.ब.मा समेत तिब्र गतिमा अगाडी बढाईने छ।

५. तपोवन-मुरै-निम्ठा-बिनायक सडक कार्य संञ्चालनमा आईसकेकोमा सरोकारवाला निकायहरुसंग समन्वय गरि तिब्रताका साथ कार्य अगाडी बढाईने छ।

६. लटिनाथ सार्सि बजानी दुनी हुदै बैतडी जोडने सडक निर्माण कार्यलाई आगामी आ.ब.मा समेत तिब्र गतिमा अगाडी बढाईने छ।

७. उज्यालो मार्मा कार्यक्रमलाई आगामी आ.ब.मा समेत निरन्तरता दिईने छ । ग्रामिण बिधुत बिस्तारलाई बिधुत प्राधीकरणसंगको समन्वयमा मार्मा गाउँपालिकाका थप स्थानमा बिस्तार गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

८. मध्य चमेलिया (४० मेघावाट) निर्माण कार्य प्रगतिमा रहेकोमा आयोजनाको कार्यहरुलाई तीब्रता दिन गाउँपालिकाबाट सहज वातावरण निर्माण कार्य निरन्तर रहनेछ साथै नौगाड हाईड्रोपावर आयोजनाहरु निर्माणका लागी निजि क्षेत्रसंग साझेदारि गरि कार्यान्वयनमा ल्याईने छ।

९. गाउँपालिकाका सबै घना बस्ती र सडक छेउछाऊ तथा बजार क्षेत्रमा व्यवस्थित बाटोघाटो र ढल निकासको व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

१०. चमेलिया नदी र सो नदीका सहायक खोलाहरुमा रहेका जोखिम क्षेत्रहरुमा सम्वन्धित सरोकारवाला निकायहरुसंगको समन्वयमा नदी नियन्त्रण र जोखिम न्युनिकरण कार्यहरु संचालनका लागी पहल गरिने छ।

११. आगामी आ.ब.मा चौलानी नदी माथी काकडी-सेलबिसा झोलङ्गे पुल निर्माण कार्य थालनी गरिनेछ साथै बजेट सुनिश्चितता भएका कचुलिगाड, घट्टेखोला-ताङगाड झोलङ्गे पुलहरुको आगामी आ.ब.मा निर्माण कार्य संञ्चालनमा ल्याईने छ ।

१२. भेसेबगर-शेरी, सिमार-पडपडा, जन्नीगाउ मोटरेवल पुलका लागी बजेट सुनिश्चित भएकोमा संघीय सरकारसंग आवश्यक समन्वय गरि पुलहरु निर्माण कार्य लागी कार्यान्वयनमा ल्याईने छ ।

१३. प्रदेश सरकारसंग समन्वयमा घट्टेगाड र नौगाड खोलामा निर्माणाधिन मोटरेवल पुलहरुको निर्माण कार्यहरुको तिब्र सम्पन्नताका लागी पहल गरिने छ ।

१४. निर्माणाधीन बहु-बर्षीय योजनाहरुको सम्पन्नताका लागी आवश्यक बजेट सुनिश्चित गरि आगामी बर्ष निर्माण कार्यलाई अझै तिब्रता दिईने छ।

१५. स्वास्थ्य इकाईहरुलाई आवश्यकताका आधारमा थप बिस्तार गरिनेछ।

१६. आगामी आ.ब. बाट भवन आचारसंहितालाई कार्यान्वयन गरिनेछ।

१७. पालिका क्षेत्र भित्र निर्माणाधिन रहेका मडबगर खेलग्राम, मार्मा-४ र लटिनाथ खेलमैदान, मार्मा ३ लाई संघ-प्रदेश सरकारहरुसंगको साझेदारीमा आगामी आ.ब.मा निर्माण कार्यलाई तिब्रता दिईनेछ।

## घ) संस्कृति प्रवर्धन तथा पर्यटन पुर्बाधार विकास

१. लटिनाथ मन्दिर धार्मिक पर्यटन क्षेत्रलाई गुरुयोजना अनुसार आगामी आ.ब.मा प्रदेश सरकारसंगको समन्वयमा निर्माण कार्यलाई निरन्तरता दिईने छ।

२. पर्यटकीय क्षेत्रको विकासका लागि गुल्जर साँस्कृतिक तथा पर्यटकिय पुर्बाधार विकास गर्नका लागी आगामी बर्ष कार्यान्वय हुने गरि टेन्डर प्रकृया सम्पन्न भएकोमा सो कार्य तिब्र रुपमा संचालनमा ल्याईनेछ।

३. आन्तरिक तथा बाह्य पर्यटनलाई बढावा दिन गाउँपालिका भित्र रहेका धार्मीक, पर्यटन स्थल, सास्कृतिक सम्पदा, मठ, मन्दिरहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नका लागी गरिने भौतिक पुर्बाधारहरुको विकास कार्यलाई आगामी आ.ब.मा समेत निरन्तरता दिईने छ।

४. स्थानीय भाषा, साहित्य, कला र मौलिक संस्कृतिको संरक्षण र सम्वर्धनमा निरन्तर जोड दिईनेछ।

५. प्रदेश सरकारसंगको समन्वयमा मार्मा गाउँपालिकामा शहिद पार्क निर्माणका लागी आवश्यक पहल गरिने छ।

## ङ) वन वातावरण तथा विपद व्यवस्थापन

१. आगामी आ.ब.मा गाउँपालिका क्षेत्र भित्र रहेका सार्बजनिक जग्गाको पहिचान गरी सो क्षेत्रको संरक्षण सम्वर्धन र उचित ब्यवस्थापन गर्ने कार्यलाई सम्वन्धित सरोकारवाला निकायहरुसंगको साझेदारिमा कार्यक्रम संञ्चालनका लागी पहल गरिने छ ।

२. साझेदार संस्थाहरुसंगको समन्वयमा बहु उद्देशीय नर्सरिहरुको बिस्तार गरिने छ साथै आगामी आ.ब.मा चिउरिको नर्सरि स्थापनाका लागी पहल गरिने छ ।

३. निर्माणाधिन सडकहरुको दिगोपनाका लागी बायोईन्जिनियरिङ्ग प्रबिधी अपनाउन आगामी आ.ब.मा गाउँपालिका प्राबिधीक शाखा मार्फत अध्ययन कार्य अगाडी बढाईने छ।

४. वातावरणीय संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दिर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ साथै पानीको पुनर्भरण गर्न तथा पानीका स्रोतहरु संरक्षणका लागी परम्परागत खाल तथा पोखरी संरक्षण कार्यलाई निरन्तरता दिईने छ।

५. फोहोरमैला बिर्सजनको दीर्घकालिन समाधानका लागी डम्पीङ्ग साइट निर्धारण गर्ने गत आ.ब.को लक्षलाई आगामी आ.ब.मा अध्ययन गरि कार्यान्वयनमा ल्याईने छ।

६. आगामी आ.ब.मा गाउँपालिकाका ५ वटा बस्तीहरुलाई पुर्ण सरसफाइ युक्त नमुना गाँउ उन्मुख गरिने छ साथै गाउँपालिका क्षेत्र भित्र सो अभियानलाई बिस्तार गरिने छ।

७. एक घर एक खाडल, एक चाङ तथा एक पसल एक डष्टविनको अवधारण अबलम्बन गरी स्वच्छ र सफा सुग्घर मार्मा गाउँपालिका बनाउन पहल गरिनेछ साथै पुर्ण सरसफाई युक्त गाउँपालिकाको लक्ष हासिल गर्न स्वास्थ्यकर्मीहरु तथा पुर्ण सरसफाई स्वंमसेवकहरु परिचालनलाई निरन्तरता दिईने छ।

८. गाउँपालिका प्रकोप व्यवस्थापन कोष स्थापना गरिएकोमा कार्यान्विन पाटोलाई थप प्रभावकारी बनाउन विपद्, जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याईने छ ।

९) विपद ब्यवस्थापन, जलबायु परिवर्तन अनुकुलन तथा जोखिम न्युनिकरणलाई उच्च प्राथमिकतामा राखी आगामी आ.ब.मा समेत योजनाहरुमा उक्त पक्षहरु सचेतताका साथ कार्यान्वयन गरिनेछ।

**च) संस्थागत विकास, सेवा प्रवाह, वित्तीय व्यवस्थापन, सुशासन तथा पारदर्शिता**

१. माग तथा आपुर्तिमा आधारित क्षमता विकासका क्रियाकलापहरुको पहिचान गरि क्षमता विकास क्रियाकलापहरु निरन्तर कार्यान्वयन गरिनेछन् ।

२. आगामी आ.ब.मा योजना बैंक बनाउन आवश्यक पहल गरिनेछ ।

३. गाउँपालिकाको आवधिक योजना निर्माणका लागी सरोकारवाला निकायहरुसंग बजेट ब्यवस्थापन र क्षमता विकासका लागी समन्वय गरिने छ।

४. गाउँपालिका क्षेत्र भित्रका सार्बजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरष्कार तथा दण्ड प्रणाली अबलम्बन गरिनेछ सो कार्यलाई आगामी आ.ब.मा समेत निरन्तरता दिईनेछ ।

५. वित्तीय अनुशासन कायम गर्न आगामी आर्थिक बर्षमा समेत तेश्रो पक्ष सार्बजनिक सुनुवाईलाई निरन्तरता दिईने छ साथै मिडिया साझेदारी कार्यक्रमहरु मार्फत जनचेतना कार्यक्रमहरु संचालनमा ल्याईने छन।

६. आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ।

७. आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्बजनिक सुनवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु कायम गर्ने नीति अबलम्बनलाई निरन्तरता गरिनेछ ।

८. गाउँपालिका क्षेत्र भित्र संचालन हुने ठुला प्रकृतीका योजनाहरुमा अनिवार्य योजना सूचना पाटि योजना स्थलमा राख्ने कार्यलाई निरन्तरता दिईने छ ।

९. कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा बिषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सुचना प्रबिधी मैत्री बनाउने कार्यलाई निरन्तरता दिईने छ ।

१०. आगामी आ.ब. देखी सामाजिक सुरक्षा भत्तालाई अनिवार्य रुपमा बैङ्किङ प्रणालीबाट लगिनुका साथै वडा कार्यालयमा दर्ता भएका घटनाहरुलाई अनिवार्य अनलाईन प्रणालीमा प्रबिष्ट गरिनेछ।

११. वडा मेलमिलाप केन्द्र संचालन र ब्यवस्थापन गर्नका लागी वडा मेलमिलाप केन्द्र कार्यबिधी निर्माण गरि कार्यान्वयनमा ल्याईने छ।

१२. आर्थिक क्रियाकलापमा आएको संकुचन संगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी बित्त हस्तान्तरण राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गर्ने प्रयास रहने छ ।

उपस्थित महानुभावहरु,

गाउँपालिकाको बजेट विनियोजनमा योजना तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमीकीकरणका लागी त्रिबर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा मार्गदर्शन लगायत तपसिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरी योजना प्राथमीकीकरण गरिने समेत जानकारी गराउन चाहन्छु ।

**योजना प्राथमिकीकरणकरणका आधार तथा मापदण्डहरु**

- आर्थिक विकास र गरीबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने,
- लैङ्गीक समानता, सामाजिक समावेशिकरणको अभिबृद्धि गर्ने,
- स्थानीय संस्कृति र पहिचान प्रवर्धन गर्ने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने र
- जन-युद्ध तथा जन-आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदायलाई सहयोग पुर्‍याउने ।

अन्त्यमा मार्मा गाउँपालिकाको यस गरिमामय नवौ गाउँसभामा **"स्वरोजगार र श्रम पहिचान, समृद्द मार्मा निर्माणको अभियान"** ले यस गाउँपालिकाको दीर्घकालीन सोंचलाई झनै टेवा पुग्नेमा बिश्वस्त छू ।

उपस्थित महानुभावहरु

परिवर्तित राज्य व्यवस्था अन्तरगत नेपालको संविधानले श्रृजीत अधिकारहरु र तिनको कुशल कार्यान्वयनको अभ्यास मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि हामी माझ अवसर र चुनौतिहरु उत्तिकै रहेका छन् । कोरोना रोगका महामारी बिरुद्धको लडाई जित्नु पर्ने चुनौतिपुर्ण घडिमा मार्मा गाउँपालिकालाई नमुना स्थानीय तहको रुपमा स्थापित गर्न यस गाउँपालिकाका राजनीतिक दलहरु लगायत सम्बन्धित सरोकारवालाहरुबाट निरन्तर सहयोग, विश्वास र प्रतिवद्धता समेत व्यक्त हुँदै आएकोमा आगामी दिनमा समेत सकारात्मक सहयोग रहिरहने अपेक्षा गर्दछु ।

साथै स्थानीय सरकार संचालन, निर्माण र आर्थिक, सामाजिक, भौतिक तथा मानवीय विकासका विविध पक्षहरुमा योगदान पुर्‍याउने हुने गाउँपालिकाका राजनीतिक दलहरु, समाज सेवी, बुद्धिजीवी, गैह्र सरकारी क्षेत्र, संचार जगत, राष्ट्र सेवक कर्मचारीहरु, यस गाउँपालिका बासी जनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !!!**